# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : ०८२।०८३
सूचना नं.: ०५

**व्यवसाय/फर्म/उपभोक्ता समिति/समूह/सहकारी/संस्था दर्ता तथा नवीकरण गर्ने सम्बन्धी सूचना !**

**(सूचना प्रकाशित मितिः२०८२/०५/०५ गते)**

यस गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र रहने गरी दर्ता भई विभिन्न वडाहरुमा सञ्चालित सबै प्रकारका व्यवसाय/ फर्म/ उपभोक्ता समिति/ समूह/ सहकारी/क्लब/टोल विकास संस्थाहरु लगायत जुनसुकै किसिमका व्यवसायहरु कानून बमोजिम दर्ता गरी सञ्चालन गर्नुपर्ने तथा दर्ता भएका व्यवसायीहरुले नियमित रुपमा नवीकरण गराएर मात्र सञ्चालन गर्नुपर्ने कानूनी प्रावधान छ । कतिपय व्यवसायहरु यस गाउँपालिकामा दर्ता नभई सञ्चालन भइरहेको साथै कतिपयले दर्ता भएर पनि नियमित रुपमा नवीकरण समेत नगरेको पाइएकोले त्यस्ता व्यवसाय/ फर्म/ उपभोक्ता समिति/ समूह/ सहकारी/क्लब/ टोल विकास संस्थाहरुले यस गाउँपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा आफ्नो व्यवसाय तथा कारोबारको निरन्तरताका लागि समयमै सम्बन्धित वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयमा गई आफ्नो व्यवसायको दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै समयमै दर्ता तथा नवीकरण नगरी सञ्चालन गरेको पाइएमा नियमानुसार कारबाही तथा जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

.......................
(देविलाल वि.के.)
प्रमुख प्रशासकीय अधिकृत

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत